"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक,आवासीय समृद्ध सहर"

# धरान उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद महाशाखा

धरान-१२, सुनसरी, कोशी प्रदेश, नेपाल

पत्र संख्याः २६-२०८२/०८३

चलानी नम्बरः १०५६

मितिः २०८२।०५।१८

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।

यो जो जससँग सम्बन्धित छ।

सुनसरी जिल्ला धरान उपमहानगरपालिका अन्तर्गतको श्री सहिद स्मृति माध्यमिक विद्यालय, धरान –८ मा रिक्त रहेको माध्यमिक तह, तृतीय श्रेणीको विज्ञान विषयको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. २३, मिति २०८२।०५।०९ को पत्रबाट अनुरोध भई आएकाले सुनसरी जिल्लाभित्रका स्थानीय तहका विद्यालयका सम्बन्धित तह र विषयको योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा निर्देशिकामा उल्लेख भएका कागजात सहित सम्बन्धित विद्यालय, स्थानीय तहको सहमतिसहित पद रिक्त रहेको विद्यालयमा निवेदन दिन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी गरिएको शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्च :

१. यो दरबन्दी शिक्षक सेवा आयोगमा विज्ञापनका लागि माग गरिसकिएको हुँदा सरुवा भई आउन इच्छुक शिक्षकले सरुवाको निवेदनसाथ सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई यस स्थानीय तहबाट शिक्षक सेवा आयोगमा माग गरिएको शिक्षकलाई पदस्थापन तथा हाजिर गराउने प्रतिबद्धता पत्र पेस गर्नुपर्ने छ।

२.तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना shreesahidsmritidharan8@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिनेछ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

............ २०८२/०५/१८

ध्रुब राज खड्का

शिक्षा अधिकृत (सातौं तह)

अधिकृत सातौं

बोधार्थ

श्री शिक्षा विकास तथा समन्वय इकाइ, सुनसरी।

श्री सहिद स्मृति माध्यमिक विद्यालय, धरान – ८।